# कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

कोशी प्रदेश, नेपाल


पत्र संख्या: २०८०/०८१ (सहकारी शाखा)
चलानी नं.: ११६४ -२०८०/०८१

मिति :- २०८०/१०/११ गते

नेपाल सम्बत :- ११४४ पोहेलाथ्व , १५, बिहिबार

**विषय :- निर्देशन सम्बन्धमा ।**

श्री सहकारी संस्था सबै, (कचनकवल गाउँपालिका ।)

प्रस्तुत सम्बन्धमा कचनकवल गाउँपालिकाको नियमन क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाहरुले प्रचलित सहकारी सम्बन्धी ऐन, नियम तथा सहकारीको मूल्य मान्यता तथा सिद्धान्त अनुसार सहकारी संस्था संचालन गर्न देहाय बमोजिम गर्नु/ गराउनुहुन अनुरोध गरिन्छ |

**देहाय :-**

१. कचनकवल गाउँपालिकाको नियमनक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुले पौष मसान्त सम्मको संस्थाको दायित्व, लगानी तथा सम्पत्ति लगायातका विवरण समेटिएको वितिय विवरण २०८० माघ मसान्त सम्म एक प्रति यस कार्यालयमा पेश गर्ने |
२. सहकारी संस्थाहरुले २०८० चैत्र मसान्तभित्र माग अनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने बचत फिर्ता कार्ययोजना बनाई २०८० माघ मसान्त भित्र यस कार्यालयमा पेश गर्ने |
३. सहकारी संस्थाको विवरण अनिवार्य रुपमा COPOMIS प्रणालीमा प्रविष्टि गर्ने |
४. सहकारी संस्थाको मासिक विवरण अनिवार्य रुपमा प्रत्येक महिनाको ७ गत्रे भित्रमा COPOMIS प्रणालीमा प्रविष्टि गरि कार्यालयमा पेश गर्ने |
५. प्रचलित सहकारी ऐन तथा नियम अनुसार सहकारी संस्थाले साधारण सभा गर्ने तथा संस्थाको लेखा परिक्षण प्रतिवेदन कार्यालयमा पेश गर्ने |
६. सहकारी संस्थाहरुले प्रचलित सहकारी ऐन तथा नियममा भएका व्यवस्थाहरुको पूर्ण रुपमा पालन गर्ने / गराउने |

०८०/१०/११

सुभाष चन्द्र सुमन
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**

श्री वडा कार्यालयहरु सबै, (कचनकवल गाउँपालिका १ देखि ७)| (आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन |)